नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.: २०७६/०७७
च.नं.: २५६

मितिः २०७६/०८/३०

विषयः कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(सबै)

प्रस्तुत विषयमा गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको च.नं. २०० मिति २०७६/०८/२६ को पत्र मार्फत मिति २०७६/०८/०३ मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएको निर्णयानुसार तयार हिमपात, शीतलहर, चिसो सम्बन्धी कार्ययोजना र मनसुन सम्बन्धी कार्ययोजनाको तहाँसंग सम्बन्धित विषयहरुको कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ । साथै गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको च.नं. २०० मिति २०७६/०८/२६ को पत्र तथा पाना ५ को निर्णय कार्यान्वयन कार्ययोजनाको प्रतिलिपी यसै साथ संलग्न रहेको व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ

श्री गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समिति (सबै, आवश्यक समन्वयको लागि) ।
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनु हुन) ।

फोन नं. ०१-४२००२५८,४२००२५०
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- 1149
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

(राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र)

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७६।०८।२६

पत्र संख्याः- ०७६।७७

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-२००

विषय : **कार्ययोजनाहरु कार्यान्वयन सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार ।

६६६६
२०७६।८।२६

प्रस्तुत विषयमा मिति २०७६।०८।०३ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएको निर्णयानुसार तयार गरिएका हिमपात, शीतलहर, चिसो सम्बन्धी कार्ययोजना र मनसुन सम्बन्धी कार्ययोजना तहाँ मन्त्रालय र स्थानीय तहबाट कार्यान्वियन गर्ने गराउने व्यवस्थाको लागि मिति २०७६।८।२६ को (सचिवस्तर) निर्णयानुसार यसैसाथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ ।

(शम्भु प्रसाद रेग्मी)

उप सचिव

## हिमपात, शीतलहर, चिसो लगायतका विपद् सम्बन्धी विषयमा विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिको निर्णय कार्यान्वयन कार्ययोजना

| सि नं | कार्यहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समावधि | अवस्था |
|---|---|---|---|---|---|
| १ | हिमपात, चिसो तथा शीतलहर पूर्वतयारी र पूर्व प्रवन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने | Cluster Lead गर्ने सबै मन्त्रालयहरु, जिल्ला प्रशासन कार्यालय स्थानीय तह | | तुरुन्तै | |
| २ | जाडोको लागि आवश्यक पर्ने दाउरा तथा काठ समयमै उपलब्ध गराउने | वन तथा वातावरण मन्त्रालय | | तुरुन्तै | |
| ३ | नेपाली सेनाले आवश्यक पूर्वतयारी गर्ने | नेपाली सेना रक्षा मन्त्रालय | | तुरुन्तै | |
| ४ | नेपाल प्रहरी, सशस्त्र प्रहरीले आ-आफ्नो क्षेत्रबाट आवश्यक पूर्वतयारी तत्काल गर्ने | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | | तुरुन्तै | |
| ५ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न जनचेतनामूलक कार्यक्रम, स्वास्थ्यकर्मी, औषधिहरु र द्रुत प्रतिकार्य समूह परिचलान गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेशका सामाजिक विकास मन्त्रालयहरु | | तुरुन्तै | |
| ६ | आगलागि तथा निसासिने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार गरी आम सञ्चारमाध्यम मार्फत प्रचारप्रसार गर्ने | सूचना तथा सञ्चार मन्त्रालय | | तुरुन्तै | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने र शीतलहरहरुको कारणबाट अन्नबाली/पशुपंक्षीको क्षति भएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने | कृषि तथा पशुपंक्षी विकास मन्त्राल | प्रदेस सरकार | तुरुन्तै | |
| ८ | पूर्वसूचना सम्बन्धी शीतलहर (Cold wave) बुलेटिन दैनिक जारी गर्ने र सो बुलेटिनलाई आम सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने | जल तथा मौसम विज्ञान विभाग | | तुरुन्तै | |
| ९ | कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न एक सर्वे समूह गठन गरी त्यस्ता स्थानहरुको Mapping गर्ने सोको आधारमा हिमपात, कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचनामुलक सन्देशहरु राख्ने | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल प्रहरी | अर्थ मन्त्रालय, संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | ६ महिना | |
| १० | विद्यालयहरुमा हिमपात, चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | | तुरुन्तै | |

## मनसुनको पूर्व तयारी सम्बन्धी विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिको निर्णय कार्यान्वयको कार्ययोजना

| सि नं | कार्यहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समावधि | अवस्था |
|---|---|---|---|---|---|
| १ | केही तराईका जिल्लाहरुमा नदी नियन्त्रण आयोजनाहरुकै कारण नदीको पानी गाँउ गाँउमा पसेको, तटबन्धको निर्माण कमजोर अवस्थामा रहेको र नदीको बहाव रोक्ने गरी पुल पुलेसा निर्माण हुन नसकेको कारण बाढी तथा डुबान हुने गरेकोले त्यस्ता संरचनाहरु Disaster Resilience हुने गरी गर्ने, बनाउने । खागगरी निम्न नदि, बाध र सीमा क्षेत्रमा विशेष प्रथामिकताका साथ तत्काल काम थाल्ने<br>सप्तरी जिल्लाका कोशी, खाडो, माहुली, खडक, बलान र पिहुल सिराहा कमला, घुर्मि, कागन, खुट्टी नदीहरु र कमलानदीको बाँध ठाउठाउमा फुटेको रौतहट लालबकैया, बागमती, झाझ, अरुवा र सीमाक्षेत्रमा भएको उच्च भारतीय सडक धनुषा कमला र रातु नदी महोत्तरी रातु नदी र रातु खोलाको पूल पर्सा महुवा खोला सुनसरी सप्तकोशी नदी र कोशी ब्यारेजको ड्याम मोरङ बक्राह, किसान, बुढीगंगा, सीघीया नदी लगायतका नदी बाध र सीमा क्षेत्रका | उर्जा, जलस्रोत तथा सिचाँइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | निरन्तर | झापा, मोरङ, सुनसरी, सप्तरी, सिराह, धनुषा, महोतरी, सर्लाही, रौतहट, बारा, पर्सा,कपिलवस्तु, रुपन्देही, नवलपरासी(पूर्व), नवलपरासी (पश्चिम) , बाँके, बर्दीया, कैलाली, कञ्चनपुर, चितवन, दाङ, सुर्खेत, उदयपुर, मकवानपुर जिल्लाहरुमा १/१ थान रवर वोट खरिदका लागि २०७६।४।७ गते मा.मन्त्रीस्तरीय निर्णय भएको सो अनुसार रवर बेटको ब्यवस्था भएको |
| २ | सीमा क्षेत्रमा निर्माण हुने तथा भएका पूर्वाधारहरु Disaster Resilience हुने गरी बनाउने | उर्जा, जलस्रोत तथा सिचाँइ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | अर्थ मन्त्रालय, संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | निरन्तर | |
| ३ | छिमेकी देशले सीमा सुरक्षाका नाममा निर्माण गरेका अग्ला सडक पनि बाढी तथा डुबानको एक प्रमुख कारण देखिएकोले यो समस्या समाधान गर्ने | परराष्ट्र मन्त्रालय | | यथाशीघ्र | |

| | | | | |
|---|---|---|---|---|
| ४ | तालीम प्राप्त जनशक्ति सहित न्यूनतम खोज तथा उद्धार सामग्री एवं राहत सामग्रीको भण्डारण गर्ने | सबै स्थानीय तहहरु | अर्थ मन्त्रालय, संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | मनसुन अगाबै |
| ५ | प्रकोपमा आधारित अध्ययन (Hazard Wise Study) गरेर जोखिम नक्शाङ्कन (Risk Mapping) गरी Search and Rescue (SAR) का उपकरणहरु र SAR मा खटिने समूहहरुको लागि समेत सुरक्षात्मक उपकरणको व्यवस्था गर्ने र विपद्को लागि अत्यावश्यक सामग्रीको व्यवस्थापन र निश्चित मापदण्ड (Standardization) निर्धारण गर्ने | संघ प्रदेश र स्थानीयत (आ-आफ्नो क्षेत्रमा) | अर्थ मन्त्रालय, संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | १ बर्ष |
| ६ | मनसुनको कारण हुने वाढी तथा डुवानबाट प्रभावितको उद्धारका लागि प्रत्येक जिल्लामा १० वटा Rubber Boat र आवश्यक मात्रामा Life Jacket उपलब्ध गराउने | नेपाल सरकार | गृह मन्त्रालय, अर्थ मन्त्रालय | यथाशीघ्र |
| ७ | बाढी र डुबानबाट प्रभावित हुने क्षेत्रका पालिकाहरुमा कम्तिमा २/२ वटा रवरबोट र आवश्यक मात्रामा Life Jacket को व्यवस्था गर्ने | सम्बन्धित स्थानीय तहहरु | संघीय मामिला तथा सा. प्र.मन्त्रालय | मनसुन अगाबै |
| ८ | तराई मधेसको बाढी तथा डुवान सम्बन्धी समस्याको दिर्घकालिन समाधानका लागि गुरु योजना निर्माण गरि कार्यान्वयन गर्ने | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, | ६ महिना |

| | | | | |
|---|---|---|---|---|
| ९ | सम्भावित विपद् व्यवस्थापनका लागि स्थानीय तहहरुले आफुलाई साधन स्रोत र सामाग्रीबाट सुसज्जित गर्दै तयारी अवस्थामा राख्ने | सम्बन्धित स्थानीय तहहरु | संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, | निरन्तर |
| १० | उद्धार, राहत, पुनर्स्थापना जस्ता कार्यमा सर्वप्रथम जुट्ने सुरक्षा निकाय भएकोले ती निकायहरुलाई साधन स्रोत सम्पन्न बनाउने | अर्थ मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय | संघीय मामिला तथा सा. प्र.मन्त्रालय, प्रदेश सरकार, | निरन्तर |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलहरु आवश्यक हुने हुदाँ हरेक वडामा पर्याप्त मात्रामा आश्रय स्थलहरु निर्माण गर्ने | सवै स्थानीय तह | संघीय मामिला तथा सा. प्र.मन्त्रालय, सम्बन्धित प्रदेश सरकार, | निरन्तर |
| १२ | भूकम्पको क्षति न्यूनीकरण लागि Contingency Plan निर्माण गर्न Earthquake Scenario उपलब्ध गराउने | खानी तथा भूगर्भ विभाग | गृह मन्त्रालय | यथाशीघ्र |